आ.व. ०८०।८१

# न्यायिक समितिको बार्षिक प्रतिवेदन




तिनाउ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दोभान, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

# बिषय सूचि


सारसंक्षेप ........................................................................................................१

परिच्छेद- १ प्रारम्भ तथा परिचय ....................................................................४

१.१ पृष्ठभुमी ........................................................................................४

१. २ तिनाउ गाउँपालिकाको परिचय ..............................................................६

परिच्छेद- २ ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार ..............................................९

२.१ प्रतिवेदनको उद्देश्य ........................................................................९

२.२ प्रतिवेदन तयारी विधि ........................................................................९

२.३ नेपालमा स्थानीय शासनको ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार १०

२.३.१ स्थानीय शासनको विकासक्रम र न्यायिक अधिकार ..............१०

२.३.२ संवैधानिक विकासक्रम र न्यायिक अधिकार ........................१२

२.३.३ कानूनी विकासक्रम र न्यायिक अधिकार ............................१५

२.४ स्थानीयतहको वर्तमान स्वरुप र न्यायिक अधिकार ...............................१६

२.५ न्यायिक समितिको अधिकारक्षेत्र ...........................................................१७

२.६ क्षेत्राधिकार तथा क्षेत्राधिकार प्रयोग र न्याय तथा कार्यसम्पादन प्रक्रिया.१

२.६.१ क्षेत्राधिकार ...................................................................१८

२.६.२ अधिकार क्षेत्रको प्रयोग ...................................................२०

२.६.३ न्याय सम्पादन प्रक्रिया ...................................................२३

परिच्छेद- ३ बार्षिक प्रगति विवरण ........................................२६

३.१ न्यायिक समिति सम्बन्धी व्यवस्था ........................................२६

३.२ सम्पादित क्रियाकलापहरु ........................................२६

३.३ न्यायिक समिति बैठक व्यवस्थापन ........................................२७

३.४ गाउँपालिकाका कानूनहरुको विवरण ........................................३१

३.५ अनुगमन सम्बन्धी व्यवस्था ........................................३४

३.६ मुख्य उपलब्धी ........................................३४

३.७ स्थानीयतहमा न्यायिक समिति अवसर ........................................३४

३.८ स्थानीयतहमा न्यायिक समिति चुनौती ........................................३५

३.९ सुझाव ........................................३६

३.१० न्यायिक समिति र अपेक्षा ........................................३७

# सारसंक्षेप

नेपालको संविधानको धारा २१७ ले गाउँपालिका तथा नगरपालिका स्तरमा विवाद निरुपण गर्न एक न्यायिक समिति रहने व्यावस्था गरेको छ ।स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ देखि ५३ सम्म स्थानीय तहमा न्यायिक समितिको क्षेत्रधिकार तोकिएको छ र न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था स्थानीय न्यायिक प्रयोजनका लागि संवैधानिक ईतिहासमा पहिलो पटक भएको हो ।संविधानमा उल्लेखित व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहमा रहेको छ । देश भरीका ७५३ वटा न्यायिक समितिबाट न्याय सम्पादन गर्ने यस प्रणालीबाट जनताको न्यायमा पहुँच सरल र सहज बनाउन मदत पुग्ने विश्वास लिएको छ साथै विवाद समाधानका वैकल्पिक उपायहरु अवलम्वन गर्दा न्यायिक प्रक्रिया जित जितको अवस्था सुनिश्चत हुने र न्याय प्रतिको सन्तुष्टि तथा विश्वास बढनुका साथै विवाद निरुपणलाई कम खर्चिलो, कम झनझटिलो तथा मेलमेलामुलक प्रक्रियाबाट समाधान गर्न गराउन योगदान पुग्ने अपेक्षा गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ को दफा ४६ देखि ५३ सम्म स्थानिय तहहरुलाई न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित गर्न तिनाउ गाउँपालिकाले न्यायिक समिति ऐन २०७५ समेत जारी गरि कार्यान्वयनमा ल्याएको छ ।निर्दिष्ट कानूनको अधिनमा रहि न्याय सम्पादन कार्यलाई पारदर्शि बनाउन, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ (१) बमोजिम तिनाउ गाउँपालिकाको न्यायिक समिति, समितिको सचिवालयबाट सम्पादन गरिएका कार्यहरुको बार्षिक विवरण गाउँपालिका अध्यक्ष मार्फत गाउँ सभामा पेश गर्न, न्यायिक समितिबाट सम्पादन भएका कार्यहरु पेशगर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएकोछ । न्यायिक समिति अन्तर्गत कार्य सम्पादन गर्दा दैनिक प्रशासनिक तथा नियमित कार्यहरु सफलता पुर्वक सम्पादन गर्न न्यायिक समितिका ९ वटा बैठक संचालन भई न्यायिक समिति समक्ष पेश भएका विभिन्न १२ वटा मुद्धा मध्ये ९ मेलमिलापको माध्यमबाट मिलापत्र भई फछ्यौट भएको छ । २ वटा मुद्दा अधिकार

क्षेत्रभित्र नभएकाले दरपिठ गरिएको छ । १ वटा मुद्दा श्रीमान श्रीमति विचको भएको मिलापत्र गर्न प्रयास गरेकोमा सम्वन्ध विच्छेद गर्ने अवस्थामा पुगेकाले मिलापत्र गर्न नसकिएको ।

सरकार सञ्चालनमा महत्वपुर्ण अङ्गहरुमध्ये न्यायपालिका एक महत्वपुर्ण अङ्ग रहेको छ, व्यवस्थापिकाले कानुनको तय गर्छ भने उक्त तयार गरेको कानुनको कार्यान्वयन कार्यपालिकाले गर्दछ ।यस क्रममा कानुनमा देखिएका अस्पष्टतालाई व्याख्या गर्ने र विवाद निरुपण गर्ने काम न्यायपालिकाले गर्दछ । लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि स्थानीय तहदेखि नै सुदृढ एवम् सबल बनाउनको लागि स्थानीय नेतृत्व, स्थानीय कानून स्थानीय सरकारको व्यवस्थापनका लागि स्थानीय सरकार संचालन ऐनले स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरेको छ ।उल्लेखित विवादका बिषय बाहेकका बिषयहरु पनि न्यायिक समितिले मेलमिलापका माध्यामबाट टुङ्गो लगाउनु पर्छ ।न्यायिक समितिमा निवेदन वा फिराद पेश भएपछि विपक्षीका नाउँमा म्याद पठाउने, प्रतिउत्तर वुझ्ने, प्रमाणको परीक्षण, साक्षी परीक्षण गर्ने, मेलमिलापका लागि दुवै पक्षलाई उत्प्रेरित गर्ने लगायत सबै प्रक्रिया टुङ्ग्याएर मात्र समितिले निर्णय गर्नुपर्ने व्यवस्था अवसरको रुपमा रहेको छ ।

स्थानिय स्तरमा अदालती अभ्यासको सुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भए पनि न्याय सम्पादन गर्दा देहायका चुनौतिहरु रहेकाछन ।

- न्याय सम्पादनका क्रममा कानूनी ज्ञानको अभाव हुनु तथा प्राविधिक ज्ञानको कमि रहनु
- यथेष्ट प्रमाणको मुल्याङ्कन नगरि फैसला हुनसक्ने
- चुनावबाट आएका जनप्रतिनिधि इजलासमा हुने भएकाले राजनीतिक पूर्वाग्रहीपन हुनसक्ने
- कुनै पनि मुद्धामा सीधै जिल्ला अदालतमा जान सकिने भएकाले राजनीतिक रुपले फरक विचारका व्यक्तिहरु सीधै जिल्ला अदालतमा मात्र जान सक्ने

न्यायिक समितिबाट न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी बनाउन संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अधिवृद्धिको लागि समय समयमा कानून सम्बन्धि तालिमहरु संचालन गरिनु पर्ने, गाउँपालिकाहरुमा न्याय तथा कानून सेवाको दरवन्दि सिर्जना गरि कर्मचारिको व्यवस्था गरिनु पर्ने, न्यायिक समितिको सचिवालयमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न न्याय तथा कानून सम्वन्धी सेवाकालीन तालिम संन्चालन गराई क्षमता अभिवृद्धि गर्न आवश्यक व्यवस्था मिलाईनु पर्ने, न्यायिक समिति मार्फत भए गरेका काम कार्वाहिहरुका नियमित अनुगमन गरि पृष्ठपोषण गर्नुपर्ने सुझाव तथा अपेक्षा समेत प्रतिवेदनमा उल्लेख गरिएको छ ।

# परिच्छेद- १ प्रारम्भ तथा परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले गाउँपालिका तथा नगरपालिका स्तरमा विवादको निरुपण गर्न न्यायिक समिति रहने व्यवस्था गरेको छ । स्थानीय न्यायिक प्रयोजनाका लागि यो व्यवस्था नेपालको संवैधानिक इतिहासमा पहिलो पटक भएको हो । संविधानमा उल्लेखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहमा रहेको छ ।

नेपालको संविधानको भाग ५ धारा ५६ (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भन्ने उल्लेख छ । संविधानको धारा ५६ (२) मा नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तह यस संविधान र कानून बमोजिम गर्नेछन भनि स्पष्ट पारिएको छ ।नेपालको संविधानको धारा २१७ को उपधारा (१) मा कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिकाले गाउँपालिका उपाध्यक्ष र नगरपालिकाले नगरपालिकाको उप-प्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था गरेको छ । सोहि धाराको उपधारा (२) न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट आफु मध्येबाट निर्वाचित गरेको दूई जना सदस्यहरु रहने गरी न्यायिक समिति गठन विधि स्पष्ट गरेको छ ।

नेपालको संविधानको धारा २१७ ले दिएको अधिकार अन्तर्गत रहि गाउँपालिका तथा नगरपालिका स्तरमा विवाद निरुपण गर्न न्यायिक समिति गठन भएका छन ।स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ को दफा ४६ देखि ५३ सम्म स्थानीय तहहरुको न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रिया

सम्बन्धि व्यवस्था स्थानीय न्यायिक प्रयोजनका लागि संवैधानिक इतिहासमा पहिलो पटक व्यवस्था गरि कार्यान्वयन भएको हो ।

संविधानमा उल्लेखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहको रहेको छ ।देश भरिका ७५३ वटा न्यायिक समितिबाट न्याय सम्पादन गर्ने यस प्रणालीबाट न्यायमा जनताको पहुँच सरल र सहज बनाउन मदत पुग्ने विश्वास लिईएको छ ।विवादको वैकल्पिक उपायहरु अबलम्वन गर्दा न्यायिक प्रक्रियामा जित जितको अवस्था सुनिश्चित हुने र न्यायप्रतिको सन्तुष्टि तथा विश्वास बढनुका साथै विवाद निरुपणलाई कम खर्चिलो, कम झन्झटिलो तथा मेलमिलापमुलक प्रक्रियाबाट समाधान गर्न गराउन योगदान पुग्ने अपेक्षा गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ को दफा ४६ देखि ५३ सम्म स्थानीय तहहरुको न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित गर्न तिनाउ गाउँपालिकाले न्यायिक समिति कार्यविधि सम्वन्धि ऐन २०७५ समेत जारी गरि कार्यान्वयनमा रहेको छ ।

निदिष्ट कानुनिको अधिनमा रहि न्याय सम्पादन कार्यलाई पारदर्शि वनाउन, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ (१) बमोजिम तिनाउ गाउँपालिकाको न्यायिक समितिको सचिवालयबाट सम्पादन गरिएको कार्यहरुको अभिलेखिकृत गर्ने, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५२ (२) बमोजिम तिनाउ गाउँपालिकाको न्यायिक समिति, समितिको सचिवालयबाट सम्पादन गरिएका कार्यहरुको बार्षिक विवरण गाउँपालिका अध्यक्ष मार्फत गाउँ सभामा पेश गर्न, न्यायिक समितिबाट सम्पादन भएका कार्यहरुको अभिलेखिकृत प्रतिवेदन गाउँ कार्यपालिका तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२ तिनाउ गाउँपालिकाको परिचय

नेपाल राज्यको पुन:संरचना सँगै नेपाल राज्यको लुम्बिनी प्रदेश अन्तर्गत पाल्पा जिल्लाको १० स्थानीय तह मध्येको एक साविकका कचल, दोभान, कोलडाँडा र मस्याम गरि ४ गाउँ विकास समिति समेटेर मिति २०७३ फाल्गुन २७ मा ६ वटा वडामा विभाजन गरि स्थापना भएको तिनाउ गाउँपालिकाको नामाकरण पाल्पा जिल्लाको आर्थिक, धार्मिक, साँस्कृतिक, पर्यटकिय र पौराणिक इतिहास वोकेको तिनाउ नदिको नामबाट गरिएको हो ।पुर्वमा माथागढि गाउँपालिका र देवदह नगरपालिका पश्चिममा रैनादेवि छहरा गाउँपालिका र सैनामैना नगरपालिका उत्तरमा रिव्दिकोट गाउँपालिका र तानसेन नगरपालिका दक्षिणमा वुटवल उपमहानगरपालिकाको भौगोलिक विच र उत्तर दक्षिणवाट सिद्धार्थ राजमार्गले धरातलिय विचबाट काटेको अवस्थितिमा तिनाउ गाउँपालिका छ ।यस गाउँपालिकाको कुल क्षेत्रफल २०२ वर्ग कि.मी, ४२०१ घर धुरी संख्या र कुल जनसंख्या १७७७७ रहेको छ । चुरे क्षेत्रमा पर्ने कचल खोला र झुम्सा खोलाको संगम स्थल दोभान यस गाउँपालिकाको केन्द्रको रुपमा रहेको छ जुन पाल्पा जिल्लाको सदरमुकाम तानसेनवाट ३५ किमी र वुटवल वजारवाट ५ किमीको दुरिमा रहेको छ ।हरियालि वनजङ्गल, चुनढुङ्गा खानि क्षेत्र, खोलानाला नदि, कृषि क्षेत्रका फाँट, पाटन, जन्तिलुङ्ग, मरामकोट, सत्यवति ताल, वसन्तुर, गिन्टार, सुकेताल, रिङ्गसिङ्गलेक, हात्तिलेक, भुतखोला, रानि झरना, कामख्य मन्दिर, नुवाकोट, सिद्धवावा मन्दिर र रामपिथेकस क्षेत्रको प्राकृतिक, धार्मिक, साँस्कर्तिक, पौराणिक र पर्यटकिय प्रचुर सम्भावना तिनाउ गाउँपालिकले वोकेको हुदाँ निजी क्षेत्र आकर्षित भई लुम्विनी केवलकार र सिद्धार्थ केवलकार संचालनमा आएको छ ।


तिनाउ गाउँपालिकाको विवरण तपसिल बमोजिम रहेको छ ।

| वडा नं | साविक गा.वि.स. | साविक वडा नं | वडा केन्द्र | क्षेत्रफल | पालिका केन्द्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कचल | १-९ | कचलफाटँ | २०२ वर्ग कि.मी. | साविक दोभान गाविस कार्यालय दोभान पाल्पा | |
| २ | दोभान | ३,६-९ | दोभान | | | |
| ३ | दोभान | १,२,४,५ | झुम्सा | | | |
| ४ | कोलडाँडा | १-४ | सत्यवति | | | |
| ५ | कोलडाँडा | ५-९ | चरचरे | | | |
| | मस्याम | ४ | | | | |
| ६ | मस्याम | १-३,५-९ | मस्याम हट्टिया | | | |
| | दोभान | ८ | | | | |

**तिनाउ गाउंपालिका**

| वडा नं. | परिवार संख्या | जनसंख्या | | | परिवारको औषत आकार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ८६८ | ३५९४ | १७०९ | १८८५ | ४.१४ | ९०.६६ |
| २ | ७१५ | ३०६८ | १४६२ | १६०६ | ४.२९ | ९१.०३ |
| ३ | ७०४ | २९०३ | १४४३ | १४६० | ४.१२ | ९८.८४ |
| ४ | ४२८ | २०५४ | १००७ | १०४७ | ४.८० | ९६.१८ |
| ५ | ६१० | २७०४ | १२५३ | १४५१ | ४.४३ | ८६.३५ |
| ६ | ८७६ | ३४५४ | १५७७ | १८७७ | ३.९४ | ८४.०२ |
| **जम्मा** | **४२०१** | **१७७७७** | **८४५१** | **९३२६** | **४.२३** | **९०.६२** |

राष्ट्रिय जनगणना २०७८ को रिपोर्ट अनुसार


पाल्पा
रैनादेवी छहरा गाउँपालिका
रिब्दीकोट गाउँपालिका
तानसेन नगरपालिका
बगनासकाली गाउँपालिका
रम्भा गाउँपालिका
रामपुर नगरपालिका
पुर्वखोला गाउँपालिका
तिनाउ गाउँपालिका
माथागढी गाउँपालिका
निस्दी गाउँपालिका


तिनाउँ गाउँपालिका, पाल्पा
मस्याम
वडा नं. ६
कचल
वडा नं. १
कोलडाँडा
वडा नं. ५
दोभान
वडा नं. २
झुम्सा
वडा नं. ३
सत्यवती
वडा नं. ४

# परिच्छेद-२ ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार

## २.१ प्रतिवेदनको उद्देश्य

न्यायिक समितिको प्रतिवेदन तयार गर्नुको उद्देश्य देहाय बमोजिम रहेको छ ।

- स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५३ (१) मा व्यवस्था गरिए बमोजिम तिनाउ गाउँ पालिकाको न्यायिक समितिबाट सम्पादन गरिएका कार्यहरुको अभिलेखिकृत गर्ने ।
- स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५३ (२) मा व्यवस्था गरिए बमोजिम तिनाउ गाउँ पालिकाको न्यायिक समितिबाट सम्पादन गरिएका कार्यहरुको बार्षिक विवरण तयार गरि गाउँ पालिका अध्यक्ष मार्फत गाउँ सभामा पेश गर्ने ।
- न्यायिक समितिबाट सम्पादन गरिएका कार्यहरुको अभिलेखिकृत प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने ।

## २.२ प्रतिवेदन तयारी विधि

यस प्रतिवेदनको तयारि गर्दा तिनाउ गाउँ पालिकाको न्यायिक समिति र न्यायिक समितिको सचिवालयवाट सम्पादन गरेको कार्य, नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन २०७४, तिनाउ गाउँ पालिका न्यायिक समिति संचालन कार्यविधि ऐन २०७५,न्यायिक समितिका बैठक पुस्तिकाहरुको अध्ययन तथा विश्लेषण गरि देहायबमोजिका अन्य दस्तावेजहरुको समेत अध्यायन गरि तयार गरिएको छ ।

- मेलमिलाप ऐन, २०६८ र नियमावली, २०७०
- प्रमाण ऐन, २०३१
- मुलुकी देवानी (संहिता) ऐन, २०७४

- ❖ मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
- ❖ मुलुकी अपराध (संहिता) ऐन, २०७४
- ❖ मुलुकी फैजदारी कार्यविधि, २०७४
- ❖ फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन कार्यविधि)
- ❖ न्यायिक समिति कार्य सम्पादन श्रोत पुस्तिकाहरु
- ❖ अन्य ऐन तथा कानुनहरु

## २.३ नेपालमा स्थानीय शासनको ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार

नेपालमा स्थानीय शासनको ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार सम्बन्ध देहाय बमोजिमको व्यवस्था रहेको पाईन्छ ।

### २.३.१ स्थानीय शासनको विकासक्रम र न्यायिक अधिकार

- ✓ गोपाल वशं : नेपालमा आज भन्दा करिब ३००० वर्ष पहिले गोपाल बशंले ५२५ वर्ष शासन गरेको भन्ने ऐतिहासिक कथन रहेको छ । त्यसवेला स्थानीय तहमा जेठावाठाले गाउँ टोलमा स्थिति बसाल्ने, पारिवारिक विवाद मिलाउने र गाउँ टोलमा नेतृत्वदायि भुमिका निर्वाह गर्दथे भन्ने ईतिहासकारको भनाई पाईन्छ ।

- ✓ महिषपाल वशं : गोपाल वशं पछि नेपालमा महिषपाल वशंले करिब १०० वर्ष शासन गरे भन्ने ईतिहासविद्को कथन छ । त्यस बेलाको शासन व्यवस्थाबारे स्पष्टता नपाईएकोले गाउँघरमा सम्पति सम्बन्धि तथा पारिवारिक

विवाद वा केहि आपसि झगडा मिलाउन स्थानीय ज्येष्ठहरुको भुमिका रहन्थ्यो भन्ने ऐतिहासिक श्रुति पाईन्छ ।

- ✓ किराँत काल : गोपाल वशं पछि किराँतकालमा केन्द्रिय शासन र स्थानीय शासनको अवधारणा विकास भएको पाईन्छ । स्थानीय तहलाई भुम र पनचाली दुई तहमा विभाजन गरि पाञ्चालीलाई स्थानीय कर संकलन, कुलो, पानी, झै-झगडा मिलाउने जिम्मेवारी दिएको ऐतिहासिक पुस्तकमा पढन पाईन्छ ।

- ✓ लिच्छवी काल : लिच्छवीकालमा आएर बस्तिहरुलाई विषय, ग्राम, द्रङ, पुर प्रदेह र देश नामका ईकाइहरु विभाजन गरियो । यस बेला स्थानीय न्याय सम्पादन गर्ने पाँच जना स्थानीय भलादमिहरुको सभा हुन्थ्यो जसलाई पान्चाली भनिन्थ्यो ।पान्चालीको मुख्य काम आफ्नो ईलाका भित्रको झगडा छिनोफानो गर्नु र जनताको हितका लागि कुलो पानीको व्यवस्था गर्नु, पार्टि पौवा बनाउनु र संरक्षण गर्नु थियो ।पान्चालीले छिन्न नसकेको मुद्धा मात्र अन्तिम निर्णयका लागि माथिल्लो तहमा जाने व्यवस्था भएको पाईन्छ ।

- ✓ मल्लकाल : मल्लकालमा स्थानीय तहलाई ग्राम टोलमा विभाजन गरिएको पाईन्छ । ग्राम प्रशासन हेर्ने जिम्मा पाँच जनाको समुह भएको पन्च कचहरीको प्रमुखलाई पञ्च थकाली भनिन्थ्यो । यसले न्यायपालिका र कार्यपालिका सम्बन्धि दुबै काम हेर्ने गर्दथ्यो ।मल्लकालमा स्थानीय प्रशासनको कार्य कर संकलन, बाटो, कुलो, कुवा, धारा, पाटी, पौवा, मन्दिर निर्माण र स्थानिय झै-झगडा मेलमिलाप गराउनर थियो ।

- ✓ शाहकाल : शाहाकालमा पनि मल्लकालको पन्चकचहरिले निरन्तरता पाएको देखिन्छ ।शाहाकालमा स्थानीय प्रशासन चलाउने द्धारे, उमराव,

चौधरी, नायके, फौजदार नियुक्त हुन्थे जसको मुख्उ काम स्थानीय स्तरमा कर संकलन, बाटो, कुलो, कुवा, धारा, पाटी, पौवा, मन्दिर गुम्वा निर्माण र स्थानिय झै-झगडा मेलमिलाप गराउनर थियो ।

- ✓ राणाकाल : राणाकालमा शासनको केन्द्रिकरणले प्राचिन कालको पान्चाली लोप भयो । तर पनि देशको प्रशासन केन्द्रवाट संचालन गर्न सम्भव नभएकाले स्थानीय स्तरमा प्रशासन संचालन गर्न पहाड बन्दोवस्त गोश्वारा, मधेश बन्दोवस्त गोश्वारा, पाठशाला बन्दोवस्त अड्डा, माल अड्डा, ठाना जस्ता विकेन्द्रिकृत ईकाईहरु गठन गरिए ।स्थानीय प्रशासनमा द्धारे, उमराव, चौधरी, नाईके, मुखिया, अमाली, थरी, जेठावुढा, प्रधान, फौजदार जस्ता पदहरु राखिए सारमा नेपालमा राज्य व्यवस्थाको प्रारम्भ सँगै स्थानीय शासन व्यवस्थित हुदै आएको र स्थानीय मामिला सम्वन्धमा जिम्मेवार हुदै आएको पाइन्छ ।

## २.३.२ संवैधानिक विकासक्रम र न्यायिक अधिकार

नेपालको मुल कानूनको रुपमा रहेको लिखित स विधानको विकासक्रम अनुसार न्यायिक अधिकार निम्नानुसार विकास हुँदै आएको पाईन्छ ।

- ➢ नेपाल सरकार बैधानिक कानून, २००४ : स्थानीयस्तरमा न्याय सम्पादनको संस्थागत व्यवस्था नेपाल सरकार बैधानिक कानून, २००४ को धारा ४८ मा उल्लेख भएको मा ईन्साफ शीघ्र र सुलभ हिसावसँग दिईने प्रवन्ध हुनेछ ।शुरुका देवानी र फौजदारी मुद्धाहरु ऐन र नियमले तोकिने वन्देज र रेखदेख रहि ग्राम पञ्चायतहरुले गर्नेछन भन्ने उल्लेख भएको पाईन्छ ।

- **नेपालको अन्तरिम शासन विधान, २००७** : यस संविधानको धारा ६ मा ग्राम सञ्चायतको व्यवस्था गरि ग्राम पञ्चायतलाई स्थानीय शासन संस्थाको रुपमा मान्यता दिई आवश्यक अधिकार दिने व्यवस्था गरेको पाईन्छ ।

- **नेपाल अधिराज्यको संविधान, २०१५** : यस संविधानमा स्थानीय शासन सम्बन्धि कुनै पनि संस्थागत व्यवस्था भएको पाईदैन ।

- **नेपालको संविधान, २०१९** : यस संविधानको भाग ८ धारा ३० र ३१ मा गाउँ पञ्चायत र नगरपञ्चायतको व्यवस्था गरियो । जसमा गाउँ र नगर पञ्चायतको काम, कर्तव्य, अधिकार कानूनद्धारा व्यवस्थित हुने उल्लेख गरिएको छ । यसमा भएका समय समयका सुधार र संशोधनबाट स्थानीय तहमा गाउँ र नगर पञ्चायतलाई स्थानीयस्तरका कुलो, पैनी, बाँध, साध सिमाना, लेनदेन, कुटपिट आदी मुद्धाहरुको सुनुवाई गर्ने अधिकार दिएको पाईन्छ ।

- **नेपाल अधिराज्यको संविधान, २०४७** : नेपालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात जारीभएको नेपाल अधिराज्यको संविधान २०४७ मा विकेन्द्रिकरण र स्थानीयनिकाय सम्बन्धि अवधारणालाई आत्मसात गरिएको थियो साथै स्थानीय स्वायत शासन ऐन २०५५ को दफा ३० र १०१ मा न्याय निरुपण सम्बन्धि व्यवस्था गरिएको भए पनि राजपत्रमा सुचना प्रकाशित नहुदाँ कार्यान्वयन हुन नसकेको ।

- **नेपालको अन्तरिम संविधान २०६३** : यस संविधानको धारा १३९ (१) मा स्थानीयस्तर देखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुलको वातावरण वनाई लोकतन्त्रको स्थानीयस्तर देखि नै संस्थागत विकास, अधिकार

निक्षेपण र विकेन्द्रिकरणको आधारमा स्थानीय स्वायत्त शासनको व्यवस्था गरेको पाईन्छ ।

- **नेपालको संविधान** : वि.स २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको धारा २१७ ले स्थानीय तहमा देहाय बमोजिमको एक न्यायिक समिति रहने व्यवस्था गरेको छ ।
  - कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा नगर उपप्रमुखको संयोजकत्वमा तीन सदस्यिउ न्यायिक समिति रहने
  - न्यायिक समितिमा गाउँसभा र नगरसभाबाट आफुमध्येबाट निर्वाचत गरेका दुईजना सदस्य रहने व्यवस्था छ ।
  - संविधानको धारा २२६ मा गाउँसभा र नगरसभाले अनुसूची ८ र ९ बमोजिमका सूचिमा उल्लेखित बिषयमा कानून बनाउन सक्नेछ र सो कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ भनि उल्लेखित छ ।
  - संविधानको अनुसुची ८ को स्थानीय तहको एकल अधिकार सूचिको क्रमसंख्या १२ मा गाउँसभा, नगरसभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन उल्लेख भएको छ ।
  - नेपालको संविधानको अनुसार नेपाल सरकारले जारी गरेको स्थानीय सरकार संचालन ऐनको दफा ४६ देखि ५३ सम्म स्थानीय तहमा न्याय निरुपण सम्बन्धि व्यवस्था गरिएको छ ।
- गाउँपालिका नगरपालिकालाई निश्चित स्थानीय विवादहरु निरुपण गर्ने अधिकार दिइनु भनेको न्याय प्रक्रियालाई सरल र सहज बनाउनुका साथै न्यायमा नागरिकको सहज पहुँच बढाउनु हो । यहि भावनाका साथ नेपालको संविधानले

स्थानीय तहमा कानून बमोजिम आफ्नो अधिकारक्षेत्रभित्रका विवाद निरुपण गर्ने व्यवस्था गरेको छ । यसरी नेपालको राज्य संरचना र शासन व्यवस्थाको विभिन्न कालखण्डमा स्थानीयतहले आर्थिक विकास, भौतिक विकास र कुनै न कूनै रुपमा न्यायिक अधिकारको प्रयोग गर्दै आएको पाइन्छ ।

## २.३.३ कानूनि विकासक्रम र न्यायिक अधिकार

नेपालमा कानूनी क्षेत्रको विकासलाई हेर्दा प्राचिन कालमा मानिसहरुको व्यवहार, ईमान, जमान, धर्म र विश्वासमा आधारित भएको पाईन्छ ।परापूर्व कालमा घरायसी व्यवहारका निमित्त लिखतको आवश्यकता मानिदैनथ्यो आवश्यक भएमा साक्षीहरुका बिचमा व्यवहार गरिन्थ्यो । हालका हाम्रा कानूनी प्रावधान र प्रक्रिया धेरैजसो वि स भन्दा ३०० वर्ष पहिले लेखिएको कौटिल्य अर्थशास्त्रबाट निर्देशित भएको पाइन्छ । उदाहरणका लागि कुनै मुद्धाका प्रतिवादीलाई ३ देखि ७ दिन सम्मको म्याद दिनुपर्छ । किनभने वादी मुद्धाको बिषयमा पहिले आफ्नो कुरा निश्चय गरेर वादी दावि गरेको हुन्छ भने प्रतिवादी मुद्धाको बिषयमा पहिले नै निश्चय गरिसकेको हुदैंन भन्ने उल्लेख थियो कौटिल्य अर्थशास्त्र अध्याय १ मा ।

मनुस्मृतिमा जनर्जस्ति लेनदेनमा कागत गराएको भए मान्यता नहुने र जग्गा खिचोला वासीमा विवादमा साक्षिले भनेको चार किल्ला प्रमाण मानी लेख्नुपर्ने उल्लेख पाईन्छ ।

याज्ञवल्क्यस्मृतिले राजामा विन्ति गर्ने वादीले प्रतिवादीका बिषयमा जे उजुर गर्छ त्यो लेख्नुपर्छ अन्तमावादीको नाउँ, थर, वतन र मिति लेख्नु पर्छ भनिएको छ ।त्यसपछि प्रतिवादीलाई झिकाई वादीले लेखाएको उजुरीको कुरा सुनाई वादीकै अगाडी प्रतिवादीको उजुरी खण्डन लेख्नु भन्ने उल्लेख छ । यदि प्रतिवादीले यस

बिषयमा यिनै वादीसँग यसै बिषयमा पहिले मुद्धा परि मैले जितेको प्राङ्न्याय छ भन्छ भने सो कुरा पनि लेखाउनु पर्छ भनिएको छ ।याज्ञवल्क्यस्मृतिमा धनी र ऋणिहरमा बिचमा ऋण लिने दिने निश्चय भएपछि साक्षीहरुको सामुन्नेमा तमसुक पत्र लेख्दा लेख्य तु तस्मिनधनिक पूर्वकम् भनिएकाले लिखितम् धनिका नाम बाट तमसुक लेख्ने प्रक्रिया शुरु गर्ने चलन भयो ।

## २.४ स्थानीय तहको वर्तमान स्वरुप र न्यायिक अधिकार

नेपालको संविधानको भाग ५ धारा ५६ (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भन्ने उल्लेख छ । संविधानको धारा ५६ (२) मा नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तह यस संविधान र कानून बमोजिम गर्नेछन भनि स्पष्ट पारिएको छ ।नेपालको संविधानको धारा २१७ को उपधारा (१) मा कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिकाले गाउँपालिका उपाध्यक्ष र नगरपालिकाले नगरपालिकाको उप-प्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था गरेको छ । सोहि धाराको उपधारा (२) न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट आफु मध्येबाट निर्वाचित गरेको दूई जना सदस्यहरु रहने गरी न्यायिक समिति गठन विधि स्पष्ट गरेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ को दफा ४६ देखि ५३ सम्म स्थानीय तहहरुको न्यायिक समितिको क्षेत्राधिकार तोकिएको छ । गाउँपालिकाले ऐनको परिच्छेद ८ अनुसारको न्यायिक कार्यसम्पादन गर्दा विवादको प्रकृति हेरि विभिन्न बिषयगत ऐन तथा मुख्य रुपमा देहायका कानुनलाई ध्यान दिनु पर्ने हुन्छ र दिएको छ।

- ❖ मेलमिलाप ऐन, २०६८ र नियमावली, २०७०
- ❖ प्रमाण ऐन, २०३१
- ❖ मुलुकी देवानी (संहिता) ऐन, २०७४
- ❖ मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
- ❖ मुलुकी अपराध (संहिता) ऐन, २०७४
- ❖ मुलुकी फैजदारी कार्यविधि, २०७४
- ❖ फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन कार्यविधि)
- ❖ न्यायिक समिति कार्य सम्पादन श्रोत पुस्तिकाहरु
- ❖ अन्य ऐन तथा कानुनहरु
- ❖ तिनाउ गाउँपालिकाले स्वीकृत गरि कार्यान्वयनमा ल्याएका ऐन, नियमावली, कार्यविधि, निर्देशिका, तथा मापदण्डहरु ।

## २.५ न्यायिक समितिको अधिकारक्षेत्र

न्यायिक समितिबाट स्थानीय तहको न्याय निरुपण सम्बन्धि कार्य सम्पादन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको कानूनी व्यवस्था अनुसार तिनाउ गाउँपालिकाको न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन २०७५ गाउँ सभाबाट स्वीकृत गरि कार्यान्वयनमा ल्याईएको छ र सो ऐन बमोजिम न्यायिक समितिको क्षेत्राधिकार देहाय बमोजिम निर्धारण गरिएको छ ।

१) तिनाउ गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७५ बमोजिम समितिलाई देहायका उजुरीहरुमा कारवाही र किनारा गर्ने अधिकार रहेको छ ।

(क) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ अन्तर्गतका उजरी,

(ख) मेलमिलाप ऐन, २०६८ अनुसार मेलमिलापको लागि गाउँपालिकामा प्रेषित उजुरी,

(ग) संविधानको अनुसूची ८ अन्तर्गतको एकल अधिकार अन्थर्गत सभाले बनाएको कानून बमोजम निरुपण हुने गरि सिर्जित उजुरी,

(घ) प्रचलित कानूनले गाउँपालिकाले हेर्ने भनि तोकिएका उजुरीहरु,

२) तिनाउ गाउँपालिकाको न्यायिक समिति(कार्यविधि सम्वन्धी) ऐन, २०७५ बमोजिम अधिकारक्षेत्रका देहायका उजुरीहरुमा कारवाही र किनारा गर्न सक्नेछ ।

(क) व्यक्तिको हकमा उजुरीका सबै पक्ष गाउँपालिकाको भौगोलिक क्षेत्राधिकार भित्र बसोबास गरि रहेको,

(ख) प्रचलित कानून र संविधानको भाग ११ अन्तर्गत कुनै अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको,

(ग) गाउँपालिका क्षेत्राधिकार भित्र परेका कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेषित गरिएको,

(घ) अचल सम्पत्ति समावेश रहेको बिषयमा सो अचल सम्पत्ति गाउँपालिकाको भैगोलिक क्षेत्राधिकार भित्र रहिरहेको,

(ङ) कुनै घटनासँग सम्बन्धित बिषयबस्तु रहेकोमा सो घटना गाउँपालिकाको भैगोलिक क्षेत्रभित्र घटेको ।

## २.६ क्षेत्राधिकार तथा क्षेत्राधिकार प्रयोग र न्याय कार्यसम्पादन प्रक्रिया

### २.६.१ क्षेत्राधिकार

१. स्थानीय सरकार संचालन ऐन २०७४ दफा ४७ (१) बमोजिमको क्षेत्राधिकार देहाय बमोजिमका विवादको निरुपण गर्ने अधिकार रहेको छ ।

(क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपभोग,

(ख) आर्काको बाली नोक्सानी गरेको,

(ग) चरन, घाँस, दाउरा,

(घ) ज्याला मजुरी नदिएको,

(ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको,

(च) ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

(छ) नाबालक छोरा छोरी वा पत्नीलाई ईज्जत आमद अनुसार खान लाउन वा शिक्षादीक्षा नदिएको

(ज) बार्षिक पच्चीस लाख रुपैयासम्मको विगो भएको घर वहाल र घर वहाल सुविधा,

(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरि रुख विरुवा लगाएको,

(ञ) आफ्नो घर वा वलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,

(ट) संधियारको जग्गातर्फ झ्याल राखि घर बनाउनु पर्दा कानून बमोजिम छोडनु पर्ने परिमाणको जग्गा नछोडि बनाएको,

(ठ) कसैको हक वा स्वामीत्वमा भएपनि परापूर्वकाल देखि सार्वजनिक रुपमा प्रयोग हुदै आएको बाटो वस्तुभाउ निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपभोग गर्न नदिएको वा बाधा पुर्याएको,

(ड) सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद।

(२) स्थानीय सरकार संचालन ऐन २०७४ दफा ४७ (२) अनुसार देहाय बमोजिमका विवादमा न्यायिक समितिले मेलमिलापको माध्यामबाट मात्र निरुपण गराउन पाउँछ, यी विवादको विषयमा निर्णय दिन पाउदैन ।

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापि, मिचि वा घुसाई खाएको,

(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कूनै संरचना बनाएको,

(ग) पति-पत्नीबिचको सम्वन्ध विच्छेद

(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

(ङ) गाली बेईज्जती

(च) लुटपिट

(छ) पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असरपारेको,

(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,

(झ) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको,

(ञ) ध्वनी प्रदुषण गरी वा फोहरमैला फ्याँकी छिमेकीलाई असर पुर्याएको,

(ट) प्रचलित कानून मेलमिलाप हुन सक्ने व्याक्ति बादी भई दायर हुने अन्य देवानी र एकबर्ष सम्म कैद हुन सक्ने फौजदारी विवाद ।

(३) स्थानीय सरकार संचालन ऐनको दफा ४७ (२) बमोजिम विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न सक्छन ।

(४) प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही म्यादभित्र र कुनै हदम्याद नतोकीएकोमा त्यस्तो कार्य भए गरेको मितिले पैतीस दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनुपर्ने छ ।

## २.६.२ अधिकार क्षेत्रको प्रयोग

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४८ अनुसार न्यायिक समितिको अधिकार क्षेत्र प्रयोग गर्न देहाय बमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ ।

(१) समितिको निर्णय प्रकृयाः न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समिति संयोजक र सदस्यको समुहिक रुपमा प्रयोग गर्ने छन र बहुमतको राय न्यायिक समितिको निर्णय मानिनेछ । न्यायिक समितिको संयोजक र अर्को एक जना सदस्यको उपस्थिति भएमा विवादको कारवाही तथा किनारा गर्न सकिनेछ । न्यायिक समितिका संयोजक र अर्को एक जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्न बाहेक अरु कारबाही गर्न सकिने छ ।कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका अन्य दुई जना सदस्यको सर्वसम्मतिमा विवादको कारबाही र किनारा गर्न सकिनेछ ।

(२) स्वार्थ गासिएका मुद्दा नहेर्नेः कूनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गासिएको वा त्यस्तो संयोजक वा सदस्यको नाताभित्र व्यक्ति विवादको पक्ष भएमा निजबाट सो विवादको कारवाहि र किनारा हुन सक्नेछैन । कुनै संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हकमा त्यस्तो संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कारवाही र किनारा गर्न सक्नेछन ।संयोजक र सबै सदस्यले त्यस्तो

विवादको कारबाही र किराना गर्न नमिल्ने भएका सम्बन्धित सभाले तीन जना सदस्यलाई सो विवादको मात्र कारबाही र किराना गर्ने गरी तोक्नु पर्नेछ । विवादको कारबाही र किराना गर्दा तीन जना सदस्य मध्येको ज्येष्ठ सदस्यले न्यायिक समितिको संयोजक भई काम गर्नेछ ।

(३) अन्य न्यायिक निकायमा मुद्दा नहेर्नेः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ मा उल्लेखित विवाद वा उजुरीका बिषयमा अन्य न्यायिक निकायमा उजुरी परेको जानकारी प्राप्त हुन आएमा सो निकायबाट विवाद टुंगो नलागेसम्म न्यायिक समिति यस बिषयमा प्रवेश नगर्न सक्नेछ ।

(४) सम्पत्ति रोक्का र फुकुवा गर्न सक्नेः न्यायिक समितिले आफु समक्ष परेको विवादमा बादीले प्रतिबादीको नाममा कुनै बैङ्क, कम्पनी, वित्तिय संस्था वा अन्य कुनै निकायमा रहेको खाता, निक्षेप वा प्रतिबादीले पाउने कुनै रकम यथास्थितिमा राखि कसैलाई भुक्तानी नगर्न नगराउन वा प्रतिबादीको हकभोगको कुनै अचल सम्पत्ति कसैलाई कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्नबाट रोक्काको लागि निवेदन दिएकोमा न्यायिक समितिले प्रारम्भिक जाँचबुझबाट सो बमोजिम गर्न उपयुक्त देखेमा अवधि तोकि रोक्काको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ र त्यसरि देखि पठाएकोमा सो बमोजिम रोक्का गरि त्यसको जानाकारी न्यायिक समितिमा दिनु पर्नेछ । सम्पत्ति रोक्का भएमा प्रतिवादिले त्यस्तो रोक्का फुकुवा गर्नको लागि न्यायिक समिति समक्ष निवेदन दिएमा सो समितिले त्यस्तो निवेदन बमोजिम रोक्का फुकुवा गर्न मनासिब देखेमा र रोक्का फुकुवाको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ र त्यसरि लेखि पठाएकोमा सो बमोजिम रोक्का फुकुवा गरि त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्नेछ ।

(५) अन्तरिम संरक्षणामक आदेश दिन सक्नेः न्यायिक समितिले अधिकार क्षेत्र प्रयोग गर्दा पति पत्नी बिचको वा ज्येष्ठ नागरिकको संरक्षण सम्बन्धि विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसँग आश्रित अन्य कुनै व्यक्तिको

हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेशसमेत दिन सक्नेछः-

क. पीडितलाई निज बसि आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

ख. पीडितलाई शारिरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,

ग. पीडितलाई अलगरुपमा बसोबासको प्रबन्ध गर्नु पर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरि अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न,

घ. पीडितलाई गालीगौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न नगराउन,

ङ. पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा वा गराउन।

कुनै विवाद सम्बन्धमा न्यायिक समितिमा कुनै निवेदन परेकोमा प्रचलित कानूनमा मुद्दा गर्ने निकाय समक्ष प्रतिबादी उपस्थित हुनु पर्ने म्यादकिटिएको भए सोहि म्यादभित्र र म्याद किटिएको नभएमा बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र प्रतिवादी आफै वा आफ्नो वारेस मार्फत लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हुनु पर्नेछ । विवाद न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्नेछ ।कुनै पनि वडामा एकभन्दा बढी मेलमिलाप केन्द्र भएमा न्यायिक समितिले विवादको पक्षहरुले रोजेको वा सो बिषयमा पक्षहरु बिच सहमति नभएमा सो वडाको कुनै मेलमिलाप केन्द्रमा मेलमिलापद्धारा विवाद समाधानको लागि पठाउन सक्नेछ ।न्यायिक समितिले विवादको निवेदनमा कारबाही र किराना गर्न निवेदन दर्ता, त्यस्तो विवादको आवश्यक जाँचबुझ तथा कारबाही, म्याद तामेली, पक्षहरु उपस्थित गराउने तथा मिलापत्र गराउने प्रकृया, विवादको किनारा गर्नु गर्ने अवधि, लागत कट्टा गर्ने लगायतका विवादको निरुपण सम्बन्धि अन्य कार्यबिधि स्थानीय कानून बमोजिम हुनेछ ।

## २.६.३ न्याय सम्पादन प्रक्रिया

स्थानीय सरकार संचालन ऐनको दफा ४९ बमोजिम न्यायिक समितिले आफु समक्ष पेश भएको विवादकव निवेदन दर्ता गरि न्यायिक कार्यबिधि सम्वन्धी ऐनको अनुसुचि २ बमोजिम दर्ता निस्सा सम्वन्धित पक्षलाई उपलब्ध गराउनु पर्दछ । न्यायिक समितिमा कुनै विवाद सम्बन्धमा निवेदन वा उजुरि प्राप्त भए पश्चात न्यायिक समितिले कार्यबिधि ऐन २०७५ अनुसार देहाय प्रक्रिया पुरा गरी न्याय सम्पादन गर्नुपर्दछ ।

- समितिले मेलमिलाप गराउनेः

(क) न्यायिक समितिले आफु समक्ष पेश भएको विवादको निवेदनको कारवाही र किनारा गर्दा सम्भव भए सम्म मेलमिलापक गर्न प्रोत्साहन गरि दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्नेछ ।

(ख) पक्षहरुबिच मिलापत्र हुन नसकेमा ऐनको दफा ४७ (१) मा उल्लेखित विवादमा न्यायिक समितिले कानून बमोजिम विवादको कारवाही र किराना गर्नुपर्नेछ ।

(ग) मिलापत्र गराउदाँ न्यायिक समितिले आफुले सुचिकृत गरेका मेलमिलापकर्ताबाट गराउनु पर्दछ ।

(घ) न्यायिक समितिले ऐनको दफा ४७ (२) मा उल्लेखित विवादमा प्रतिवादी उपस्थित भएको मितिले तीन महिना भित्र मेलमिलापको माध्यामबाट टुङ्गयाउने व्यावस्था रहेको छ । सो अवधि भित्र मेलमिलाप हुन नसकेमा सोहि व्यहोरा उल्लेख गरि पक्षलाई अदालत जान सुनाई विवाद र सो सँग सम्बन्धित मिसिल कागज प्रमाण समेत सम्बन्धित अदालतमा पठाई दिनु पर्नेछ ।

(ङ) पक्ष हाजिर हुन आएमा सम्बन्धित अदालतले प्रचलित कानून बमोजिम सो मुद्दाको कारवाही किनारा गर्नुपर्नेछ ।

- लिखित जानकारी दिनुपर्नेः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५० न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैतिस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।
- पुनरावेदन गर्न सक्नेः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५१ न्यायिक समितिबाट भएको निर्णय चित्त नबुझ्ने पक्षले जानकारी पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।
- मिलापत्र वा निर्णय कार्यान्वयन गर्नेः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५२

  क. न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको कार्यपालिकाले तत्काल कार्यान्वयन गर्नु गराउनर पर्नेछ ।

  ख. न्यायिक समितिबाट भएको मिलापत्र र निर्णय कार्यान्वयन सम्बन्धि अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।
- अभिलेख राख्नुपर्नेः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३

  गाउँपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्वन्धित लिखत मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित राख्नुपर्ने छ ।
- सभामा प्रतिवेदन पेश गर्नेः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ न्यायिक समितिले आफुले गरेको कामको बार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नु पर्नेछ ।

# परिच्छेद-३ बार्षिक प्रगति विवरण

## ३.१ न्यायिक समिति सम्बन्धी व्यवस्था

तिनाउ गाउँपालिकाको न्यायिक समिति नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ न्यायिक समिति सम्बन्धी कार्यबिधि ऐन, २०७५ बमोजिम गाउँसभाबाट देहाय बमोजिम एक न्यायिक समिति गठन गरि कार्यान्वयनमा ल्याईएको छ ।

| क्र. स | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री लाल बहादुर थापा | संयोजक | |
| २ | श्री ईन्द्र कुमारी चिदी | सदस्य | |
| ३ | श्री राम बहादुर पल्ली | सदस्य | |
| न्यायिक समिति सचिवालयमा कार्यरत कर्मचारी | | | |
| १ | श्री निरन्जन लामिछाने | सहायक चौथो | |

## ३.२ सम्पादित क्रियाकलापहरु

आर्थिक वर्ष ०८०।०८१ को असार १५ गते सम्ममा न्यायिक समिति, सचिवालयबाट सम्पादन गरिएका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

क) दैनिक प्रशासनिक तथा नियमित कार्यहरु

- ✓ तिनाउ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय न्यायिक समितिको सचिवालयबाट सम्पादन गरिनु पर्ने दैनिक नियमित क्रियाकलापहरु सम्पादन गर्न श्री निरन्जन लामिछाने सहायक चौथोलाई उजुरि प्रशासकको जिम्मेवारि तोकिएको छ । न्यायिक समिति मार्फत न्याय सम्पादन लगायत कानूनि सहायताका लागि अधिवक्ता श्री दुर्गा बहादुर थापालाई तिनाउ गाउँपालिकाको कानुनी सल्लाहकार तोकिएको छ ।
- ✓ तिनाउ गाउँपालिकालाई दान उपहार दिएको तिनाउ गाउँपालिका वडा नं २ दोभान र तिनाउ गाउँपालिका वडा नं ३ अर्घाछापको जग्गामा जग्गा दता बिचको जग्गा सोधभर्ना, साधँसिमाना सम्बन्धि आपसि विवाद जिल्ला मालपोत कार्यालय, नापि कार्यालयको समन्वयमा स्थलगत नापजाँच सहित विवादको पुर्ण समाधान गरिएको छ ।
- ✓ यस आ.व मा दर्ता हुन आएका १२ वटा उजुरि मध्ये ९ वटा मिलापत्र द्धारा मेलमिलाप भएको १ वटा मिलापत्र हुन नसकेको २ वटा दरपिठ गरिएको छ ।
- ✓ तिनाउ गाउँपालिका वडा नं ३ मा सिद्धवावा सुरुङ्ग मार्ग निर्माण कम्पनीले निर्माण गरेको विभिन्न प्लान्टको विषयमा राजनीतिक दल, स्थानीयवासी, जनप्रतिनिधि, निर्माण व्यावसायि र आयोजना कार्यान्वय कार्यालयबिच पटक पटक छलफल चलाएको छ ।

✓ तिनाउ गाउँपालिकाको ६ वटै वडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना गरिएको छ ।

## ३.३ न्यायिक समितिको वैठक व्यवस्थापन

आ.व ०८०।०८१ मा परेका १२ उजुरिको कारवाहि र किनारा गर्न न्यायिक समितिको बैठक ९ पटक संचालन भई तपसिलका उजुरिको कार्य सम्पादन भएको छ ।

| क्र स | मुद्धा नं | मुद्धा विवरण | वादि | प्रतिवादी | निर्णय वा आदेश |
|---|---|---|---|---|---|
| १ | क १ | जग्गा हक भोग विवाद दफा ४७(२) झ | श्री खेमनारयण पौडेल विनयत्रिवेणि २ दुम्किवास | श्री दुर्गा व काउचा र खडिनारायण पौडेल तिनाउ ३ पाल्पा | सहमति मिलापत्र |
| २ | क २ | पालन पोषण हेरचाह | श्री कमल प्रसाद उपाध्याय तिनाउ २ पाल्पा | श्री रमेश उपाध्याय र मनोज उपाध्याय तिनाउ २ पाल्पा | सहमति मिलापत्र |
| ३ | क ३ | श्रीमान श्रीमति झगडा | श्री तेज कुमारी गाहा तिनाउ ३ पाल्पा | श्री श्याम वहादुर गाहा तिनाउ ३ पाल्पा | मिलापत्र हुन नसकेको |
| ४ | १/ ०८०।८१ | ज्याला मजुरी नदिएको दफा ४७ )१ ( को ग | श्री मोतिलाल पाण्डे समर निर्माण क. प्रा. लि. | श्री छिमन छिन्ताओ कन्ट्रक्सन प्रा. लि. | सहमति मिलापत्र |
| ५ | २/ ०८०।८१ | निजी जग्गा मिचि टावर वनाएको दफा ४७ )२ ( को ख | श्री मिनासरा लम्तरि तिनाउ ६ पाल्पा | श्री वायुकम लि. रुपन्देही | सहमति मिलापत्र |
| ६ | ३/ ०८०।८१ | कुकुर घरमा पसेर नोक्सानी गरेको दफा | श्री गिता थापा तिनाउ २ पाल्पा | श्री राम वहादुर थापा तिनाउ २ पाल्पा | सहमति मिलापत्र |

| क्र स | मुद्धा नं | मुद्धा विवरण | वादि | प्रतिवादी | निर्णय वा आदेश |
|---|---|---|---|---|---|
| | | ४७ )२ ( को छ | | | |
| ७ | ४/ ०८०।८१ | गालि वेईज्जति दफा ४७ )२ ( को ङ | श्री राधा वुचा तिनाउ १ कचल | श्री नरेन्द्र कुमार शर्मा वुटवल ४ रुपन्देही | सहमति मिलापत्र |
| ८ | ५/ ०८०।८१ | छोराको पढाई खर्च भराई पाउँ दफा ४७ )१ ( को छ | श्री ज्योति खत्री तिनाउ २ पाल्पा | श्री भिम वहादुर राना तिनाउ २ पाल्पा | दरपिठ गरिएको |
| ९ | ६/ ०८०।८१ | जग्गा आवद गर्न नपाएको दफा ४७ )२( को झ | श्री सन्तकला थापा मगर तिनाउ २ पाल्पा | श्री दिनेश थापा र श्रीमती मिना थापा तिनाउ २ पाल्पा | दरपिठ गरिएको |
| १० | ७/ ०८०।८१ | वाख्रा पाढाले खेतिवालि खाईदिएको दफा ४७ )२( को छ | श्री मन कुमारी परियार तिनाउ २ पाल्पा | श्री तारा कुमाल तिनाउ २ पाल्पा | सहमति मिलापत्र |
| ११ | ८/ ०८०।८१ | कुटपिट गरेको दफा ४२ )२( को घ | श्री झवि कुमारी सुर्यवंशी तिनाउ १ पाल्पा | श्री देव वहादुर सोमरे र श्रीमति राधिका सोमरे तिनाउ १ पाल्पा | सहमति मिलापत्र |
| १२ | ९/ ०८०।८१ | वंगुर पालेर असर गरेको दफा ४२ )२( को छ | श्री कुल वहादुर गाहा मगर तिनाउ १ पाल्पा | श्री मिन वहादुर वि क तिनाउ १ पाल्पा | सहमति मिलापत्र |

मेलमिलापकर्ताको सुचि मेलमिलाप केन्द्र र न्यायिक समितिको अधिकारक्षेत्र




गुल्मि र पाल्पा जिल्लाका उपाध्यक्ष उपप्रमुखको न्यायिक समिति सम्वन्धी छलफल



## प्रत्येक वडामा स्थापना भएको मेलमिलाप केन्द्र




## न्यायिक समिति समन्वय बैठक



## ३.४ तिनाउ गाउँपालिकाको कानूनको विवरण

तिनाउ गाउँपालिकाको कार्य सम्पादनलाई चुस्त दुरुस्त बनाउन हाल सम्म तपसिल बमोजिमका कानुनहरु स्वीकृत भई कार्यान्वयनमा रहेका छन ।

| क्र.स | कानूनको नाम ( ऐन नियम कार्यविधि निर्देशिका मापदण्ड) | कैफियत |
|---|---|---|
| १ | तिनाउ गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन,२०७४ | |
| २ | तिनाउ गाउँपालिकाको सहकारी ऐन, २०७४ | |
| ३ | न्यायिक समितिले उजुरीको कारवाही किराना गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी ऐन, २०७४ | |
| ४ | तिनाउ गाउँ कार्यपालिका बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४ | |
| ५ | तिनाउ गाउँ कार्यपालिका कार्य विभाजन नियमावली, २०७४ | |
| ६ | तिनाउ गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ | |
| ७ | तिनाउ गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ | |
| ८ | गाउँसभा संचालन कार्यविधि, २०७४ | |
| ९ | तिनाउ गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण कार्यविधि नियमावली, २०७४ | |
| १० | विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ | |
| ११ | फोहरमैला व्यवस्थापन तथा वातावरण स्वास्थ्य सरसफाई कार्यविधि, २०७५ | |
| १२ | कर्मचारी प्रोत्साहन भत्ता कार्यविधि, २०७५ | |
| १३ | मर्मत संभार कोष संचालन निर्देशिका, २०७५ | |
| १४ | व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७५ | |
| १५ | तिनाउ गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | |
| १६ | घ वर्गको निर्माण व्यवसायि इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ | |
| १७ | तिनाउ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने | |

| क्र.स | कानूनको नाम ( ऐन नियम कार्यविधि निर्देशिका मापदण्ड) | कैफियत |
|---|---|---|
| | सम्वन्धी कार्यविधि, २०७५ | |
| १८ | गाउँ विकास कोष स्थापना र संचालन विनियमावली, २०७५ | |
| १९ | तिनाउ गाउँपालिका प्रशासकीय कार्यविधि प्रमाणित गर्ने ऐन, २०७७ | |
| २० | विपद् जोखिम न्यूनिकरण तथा व्यावस्थापन ऐन, २०७७ | |
| २१ | स्थानीय तहमा वातावरण तथा प्राकृतिक श्रोत ऐन, २०७७ | |
| २२ | तिनाउ गाउँपालिकाको प्रहरीको गठन संचालन र व्यवस्थापन गर्ने सम्बन्धी ऐन २०८० | |
| २३ | तिनाउ गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०८० | |
| २४ | तिनाउ गाउँपालिकाको औधोगिक व्यावसाय ऐन, २०८० | |
| २५ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८० | |
| २६ | विपद व्यावस्थापन कोष संचालन सम्बन्धि कार्यविधि, २०८० | |
| २७ | संक्षिप्त वातावरणीय अध्यायन तथा प्रारम्भिक परिक्षण कार्यविधि, २०८० | |
| २८ | सहकारी संस्थाको नियमन अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०८० | |
| २९ | कृर्षि विकास कार्यक्रम संचालन कार्यविधि, २०८० | |
| ३० | पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०८० | |
| ३१ | विषयगत समिति कार्य संचालन कार्यविधि, २०८० | |
| ३२ | तिनाउ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०८० | |
| ३३ | तिनाउ गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य संचालन कार्यविधि, २०८० | |
| ३४ | तिनाउ गाउँपालिकाको खरिद नियमावली, २०८० | |
| ३५ | तिनाउ गाउँपालिकाको घर वहालकर व्यावस्थापन कार्यविधि, २०८० | |
| ३६ | वाल विवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि, २०८० | |
| ३७ | तिनाउ गाउँपालिका कार्य संचालन कार्यविधि, २०८० | |
| ३८ | तिनाउ गाउँपालिकाको योजना प्रकृयामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०८० | |

| क्र.स | कानूनको नाम ( ऐन नियम कार्यविधि निर्देशिका मापदण्ड) | कैफियत |
|---|---|---|
| ३९ | व्यावसाय कर सम्बन्धी कार्यविधि, २०८० | |
| ४० | संचितकोषको आन्तरिक लेखापरिक्षण सम्वन्धि कार्यविधि, २०८० | |
| ४१ | सार्वजनिक जवाफदेहीता प्रवर्धन सम्वन्धी कार्यविधि, २०८० | |
| ४२ | सुचना तथा अभिलेख केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०८० | |
| ४३ | सडक वालवालिका व्यावस्थापन खर्च कार्यविधि, २०८० | |
| ४४ | अपाङ्गता परिचयपत्र वितरण कार्यविधि, २०८० | |
| ४५ | भू उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी मापदण्ड, २०८० | |
| ४६ | तिनाउ गाउँपालिकाको शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि, २०८० | |
| ४७ | निजी वन विकास तथा व्यावस्थापन कार्यविधि, २०८१ | |
| ४८ | सार्वजनिक जग्गामा वन विकास तथा व्यावस्थापन कार्यविधि, २०८१ | |
| ४९ | तिनाउ गाउँपालिकामा पोषण प्रवद्धन तथा नियमित तौल अनुगमन प्रोत्साहनका लागि कुखुराको चल्ला वितरण कार्यविधि, २०८१ | |
| ५० | तिनाउ गाउँपालिकाको व्याकहो लोडर संचालन कार्यविधि, २०८१ | |

## ३.५ अनुगमन सम्बन्धी व्यवस्थाः

न्याय प्रशासन ऐन, २०७३ को दफा २१ तथा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९४ तथा निरीक्षण सम्बन्धी निर्देशिका २०७६ बमोजिम सम्मानित जिल्ला अदालत पाल्पाबाट मिति २०८०।१०।२६ मा अनुगमन भई आवश्यक सुझाव समेत अनुगमन प्रतिवेदन प्राप्त भएको छ सो अनुगमन प्रतिवेदन अनुसूचीमा संलग्न छ ।

## ३.६ मुख्य उपलव्धी

- गाउँपालिकालाई जग्गादान गर्ने जग्गादाताको आपसि जग्गा विवाद पुर्ण समाधान गर्नु ।
- जिल्ला अदालत पाल्पाको अनुगमन प्रतिवेदनको पुर्ण पालना गर्नु

- ❖ प्रत्येक वडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना गर्नु
- ❖ शान्तिपुर गाउँपालिका दाङ्ग सँग न्यायिक समिति र गाउँपालिकाको असल अभ्यास बिषयमा अन्तरक्रिया कार्यक्रम संचालन गर्नु ।

## ३.७ स्थानीयतहमा न्यायिक समितिः अवसर

सरकार संचालनमा तिन अङ्ग मध्ये एक महत्वपुर्ण अङ्ग न्यायपालिका हो । व्यवस्थापिकाले कानूनको निर्माण र कार्यपालिकाले कार्यान्वयन गर्छ । यस क्रममा कानूनमा देखिएका अस्पष्टतालाई व्याख्या गर्ने र विवाद निरुपण गर्ने काम न्यायपालिकाले गर्दछ । विश्वका केहि देशहरुले अभ्यास गर्दै आएको स्थानीय तहको अदालति अभ्यास नेपालमा सुरुको अवस्थामा नै छ ।

लोकतन्त्रिक गणतन्त्रको स्थापना पछि स्थानीय तहदेखि नै सुदृढ एवम् सबल बनाउनको लागि स्थानीय नेतृत्व स्थानीय कानून र स्थानीय सरकारको व्यवस्थापनका लागि स्थानीय सरकार संचालन ऐनले स्थानीय तहमा न्यायीक समितिको व्यवस्था गरेको छ ।

उल्लेखित विवादका बिषय बाहेकका बिषयहरु पनि न्यायिक समितिले मेलमिलापका माध्यमबाट टुङ्गो लगाउनु पर्छ ।न्यायिक समितिमा निवेदन वा फिराद पेश भएपछि विपक्षीका नाउँमा म्याद पठाउने, प्रतिउत्तर बुझ्ने, प्रमाणको परीक्षण, साक्षी परीक्षण गर्ने, मेलमिलापका लागि दुवै पक्षलाई उत्प्रेरित गर्ने लगायत सबै प्रक्रिया टुङ्ग्याएर मात्र समितिले निर्णय गर्नुपर्छ । निर्णय गर्दा तीन वटै सदस्यको सहमति नभए दुई जनाको निर्णयले फैसला गरिन्छ । फैसलामा समिति संयोजक अनिवार्य हुनुपर्छ । यस निर्णयमा चित्त नबुझ्ने पक्षलाई पुनरावेदनका लागि म्याद दिने व्यवस्था समेत गरिएको छ ।

## ३.८ स्थानीयतहमा न्यायिक समितिः चुनौती

स्थानीय स्तरमा अदालती अभ्यासको सुरुवात निकै सकरात्मक र प्रभावकारी कदम भए पनि न्याय सम्पादन गर्दा देहायका चुनौतिहरु रहेका छन ।

- न्याय सम्पादनका क्रममा कानूनी ज्ञानको अभाव हुनु तथा प्रविधिक ज्ञानको कमी रहनु
- यथेष्ट प्रमाणको मूल्याङ्कन नगरि फैसला निर्णय हुनसक्ने
- चुनावबाट आएका जनप्रतिनिधि इजलासमा हुने भएकाले राजनीतिक पूर्वाग्राहिपन हुनसक्ने
- कुनै पनि मुद्दामा सिधै जिल्ला अदालतमा जान सकिने भएकाले राजनीतिक रुपले फरक विचारका व्याक्तिहरु सिधै जिल्ला अदालतमा मात्र जान सक्ने
- न्यायिक समितिका संयोजकको लागि अन्य धेरै बिषयको पनि जिम्मेवारी तोकिएको हुदाँ न्यायिक समिति छायाँमा परेको ।

## ३.९ स्थानीयतहमा न्यायिक समितिः सुझाव

न्यायिक समितिको प्रभावकारी संचालन तथा व्यवस्थापन सम्बन्धमा देहाउ बमोजिम सुझावहरु पेश गरिएको छ ।

- संघीय प्रदेश र स्थानिय तहले समय समयमा न्याय तथा कानूनि सचेतना सम्बन्धी प्रशिक्षण तथा अभिमुखिकरण गर्नपर्ने ।
- न्यायिक समितिको र कर्मचारीको क्षमता अभिवृद्धि गराउनु पर्ने ।
- न्यायिक समितिको छुट्टै कार्यकक्ष तथा ईजलासको व्यवस्थापन गर्नुपर्ने ।
- स्थानीय तहवाटै सम्पादन भएका न्यायिक समितिको अधिकार क्षेत्रको वर्खिलाप हुने कार्यमा सार्वजनिक रुपमा नै आवाज उठाउनु पर्ने ।

- विपद् र जोखिम न्यूनिकरण, वातावरण मैत्रि, वाल मैत्रि, अपाङ्ग मैत्रि, समग्रमा मानव मैत्रि विकासको र सार्वजनिक सम्पत्तिको दोहन तथा उपचलनको विषयमा न्यायिक समितिको मुख्य चासो हुनुपर्ने ।
- प्राकृतिक न्यायको सिद्धान्तको आधारमा प्रभावकारी न्याय सम्पादन गरि छिटो छरितो कम खर्चिलो न्याय दिने अभ्यासको सुरुवात हुने गरि जनशक्ति र साधस्रोतको व्यवस्थापन गर्नुपर्ने ।
- मेलमिलाप कर्ताको गुणात्मक र परिणात्मक वृद्धि गर्नुपर्ने ।
- न्यायिक समिति तथा न्याय सम्पादनमा हामी सबैको सहयोग र समन्वय आवश्यक छ भन्ने साझा वुझाईको विकास र विस्तार गरिनुपर्ने ।

## ३.१० न्यायिक समिति र अपेक्षा

न्यायिक समितिको प्रभावकारिताको लागि सरोकारवाल पक्षसँग देहायको अपेक्षा राखिएको छ ।

- संघीय तथा प्रदेश सरकारले समय समयमा न्यायिक समिति सम्वन्धमा न्याय र कानूनको तालिमको व्यवस्था गरिनु पर्ने ।
- स्थानिय तहका जनप्रतिनिधिले न्यायिक समिति हाम्रो र हाम्रा लागि हो भन्ने अनत्व लिनुपर्ने ।
- स्थानीयवासिले न्यायिक समितिको प्रभावकारि उपभोग गरि शान्त न्याय र समता मुलक समाजको निर्माण गर्नुपर्ने ।
- मेलमिलाप नै विवादको उत्तम समाधान हो भन्ने कुरालाई मेलमिलापकर्ताले समाजमा पुष्टि गर्नुपर्ने ।
- न्यायिक समितिले राजनीतिको मुल लक्ष्य नै न्यायपुर्ण समाज निर्माण हो भन्ने महसुश हुने गरि निर्णय र फैसला गर्नुपर्ने ।

॥श्री॥

पाल्पा जिल्ला अदालत

निरीक्षण मुकाम

तिनाउँ गाउँपालिका, पाल्पा

## निरीक्षण निर्देशन

न्याय प्रशासन ऐन, २०७३ को दफा २१, जिल्ला अदालत नियमावली, २०७५ को नियम ९४ तथा निरीक्षण सम्वन्धी निर्देशिका, २०७६ बमोजिम आज मिति २०८०/१०/२६ गते शुक्रबारका दिन पाल्पा जिल्ला अदालतको पुनरावेदन सुन्ने क्षेत्राधिकार अन्तर्गत तिनाउँ गाउँपालिकाको कार्यालयबाट भएको न्यायिक काम कारवाहीको निरीक्षण गरियो। निरीक्षणको क्रममा देखिएका तथ्यगत अवस्था र सुधारका लागि गरिनु पर्ने प्रयासहरुका सम्बन्धमा देहाय बमोजिम निर्देशन गरेको छु।

१. यस गाउँपालिकामा गत आर्थिक वर्ष २०७९/०८० मा ४ थान उजुरी निवेदन मात्र दर्ता किताबमा दर्ता भएकोमा सो निवेदन मध्ये २ थान निवेदनहरु समाधान भएको पाइयो भने बाँकी २ थान उजुरी निवेदन फछर्यौट हुन बाँकी रहेको पाइयो।

२. यस आर्थिक बर्षको निरीक्षण अवधीसम्ममा जग्गा सम्बन्धी १ थान, सम्वन्ध विच्छेद सम्बन्धी १ थान, ज्याला मजदुरी सम्बन्धी १ थान र भरणपोषण सम्बन्धी १ थान गरी जम्मा ४ थान उजुरी निवेदन दर्ता भएको अभिलेखबाट देखिन आयो। यसरी दर्ता भएका उजुरी निवेदनमध्ये हालसम्म १ थान निवेदन मिलापत्र, १ थान निवेदन थप प्रक्रियाको लागि सम्बन्धित निकायमा पठाउने गरी निर्णय भई ४ थान उजुरी निवेदन फछर्यौट हुन बाँकी रहेको पाईयो।

३. यस गाउँपालिकामा दर्ता हुन आएका उजुरी निवेदनहरुमा कसको के कार्यबाट आफ्नो हकमा आघात पुगेको हो, सो उजुरी गर्नु पर्ने आधार र कारण समेत स्पष्ट खुलाई निजको वतन समेत उल्लेख गरी प्रतिवादी कायम गरी निवेदन दर्ता गर्नु पर्नेमा सो स्पष्ट खुलाई दर्ता हुने गरेको नभई सामान्य ठाडो निवेदन जस्तो गरी तयार गरेको पाइयो। जसले गर्दा वादी प्रतिवादी र विवादित विषय आदी मुद्दामा आवश्यक पर्ने विवरण स्पष्ट हुने गरेको पाइएन। अत: पक्षहरुले पेश गर्ने निवेदन कानून बमोजिमको ढाँचामा तयार गर्न लगाई सामान्य रित पुरा गरे नगरेको हेरी रित पुऱ्याउन आवश्यक सहयोग गरी उजुरी निवेदन दर्ता गर्ने तर्फ विशेष ध्यान दिनुहोला।

४. यस गाउँपालिकामा दर्ता हुन आएका उजुरी निवेदनहरु दर्ता कितावमा नियमित रुपमा दर्ता नगरी मिसिलमात्र खडा गरेको पाइयो। गाउँपालिकामा पर्न आएका उजुरी

निवेदनहरु दर्ता किताबमा नियमित रुपमा दर्ता गरी मिसिलको बाहिरी पृष्ठमा मुद्दा दर्ता नम्बर, मुद्दाको विषय, वादी प्रतिवादीको विवरण समेत उल्लेख गरी व्यवस्थित तरिकाले राख्नेतर्फ ध्यान दिनु होला ।

५. उजुरी निवेदन दर्ता भई सकेपछि सो निवेदनको जानकारी सहित प्रतिवाद गर्न कानून बमोजिम प्रतिवादीको नाममा म्याद जारी गरी वादीलाई तारेखमा राखी प्रतिवादी उपस्थित भएपछि प्रतिवादीको प्रतिउत्तर पत्रसमेत लिई तारिखमा राखी मुद्दाको कारवाही गर्नु पर्नेमा कुनै पनि मुद्दामा वादी प्रतिवादीलाई तारिखमा राख्ने गरेको देखिएन । मुद्दाको तारिख किताब राखी पक्षहरुलाई तारेख पर्चा दिई आवश्यकता अनुसार साधारण तारिख वा पेशी तारिख तोकी मुद्दाको सुनुवाई गर्ने तर्फ विषेश ध्यान दिनु होला ।

६. न्यायिक समितिमा दर्ता हुन आएका उजुरी निवेदनहरु मिलापत्रबाट समाधान भएको भए तापनि न्यायिक समितिबाट मिलापत्रको प्रकृयामा लैजाने वा प्रमाण बुझ्ने कुनै पनि आदेश भएको पाइएन । अत: मुद्दामा प्रतिउत्तर परेपछि वा प्रतिवादी हाजिर भएपछि दुबै पक्षलाई पेशी तारेख तोकी सो पेशीका दिन न्यायिक समितिबाट आदेश गरी मुद्दाको सुनुवाइको प्रकृया अगाडी पढाउने तर्फ ध्यान दिनुहोला ।

७. मिसिलहरुमा तायदाती (पंजिका) फारम खडा गरी मिसिल संलग्न कागजातहरु सिलसिलेवार ढंगले मिलाइ राख्ने गर्नु होला ।

८. यस गाउँपालिकाको न्यायिक समितिबाट मिलापत्र भएका मुद्दामा के कुन सर्तमा मिलापत्र भएको हो, सो व्यहोरा स्पष्ट उल्लेख गरी मिलापत्रको प्रत्येक पानामा वादी प्रतिवादी दुबै पक्षको सहि छाप गराई न्यायिक समितिका सदस्यहरुबाट सो व्यहोरा जनाई प्रमाणित गराई सम्बन्धित मिसिलमा राख्ने तर्फ ध्यान दिनुहोला ।

९. मुद्दा फर्स्यौट गर्दा राय कितावमा निर्णय वा मिलापत्र वा डिसमिस के भएको हो, सो व्यहोरा उल्लेख गरी फैसला, मिलापत्र वा डिसमिसको आदेश समेत तयार गरी मिसिल संलग्न राख्नु पर्नेमा सो गरेको नदेखिएको हुँदा अब आर्थिक वर्ष अनुसारको छुट्टै निर्णय किताव (राय किताव) राखी मुद्दामा भएको फैसला, मिलापत्र वा डिसमिसको व्यहोरा सो निर्णय किताव (राय किताव) मा उल्लेख गरी न्यायिक समितिका सदस्यहरुबाट प्रमाणित गराइ मुद्दाको फछर्यौट गर्ने तर्फ ध्यानाकर्षण गराएको छु ।

१०. मुद्दा दर्ता, फर्स्यौट, बाँकी तथा मुद्दाका सम्वन्धमा भएका काम कारवाहीको प्रतिवेदन पुनरावेदन सुन्ने अदालतमा गर्ने गरेको नदेखिएको हुँदा सो तर्फ ध्यानाकर्षण गराएको छु ।

मुद्दामा न्याय भनेको पक्षले प्राप्त गर्ने अनुभुती हो । त्यसैले न्याय दिएर मात्र हुँदैन, पक्षले न्याय प्राप्त गरेको महशुस पनि गरेको हुनु पर्छ । न्याय गरेको देखिनु पनि पर्छ । न्याय गरेको देखिन न्याय प्रदान गर्दा न्यायिक प्रकृयाको पूर्णरुपमा पालना भएको हुनु

पर्दछ । स्थानीय निकायबाट मुद्दा सुनुवाइ हुने अभ्यास धेरै पुरानो नभएको अवस्थामा केही कार्यविधिगत समस्या, कमी कमजोरी रहनु अस्वभाविक होइन । यस्ता कमी कमजोरीहरु विस्तारै सुधार गर्दै लैजानु पर्ने हुन्छ । यी कमी कमजोरी सुधार गर्ने एउटा माध्याम पुनरावेदन सुन्ने अदालतबाट हुने निरीक्षण र सो निरीक्षणमा औल्याइएका कमी कमजोरीहरुको सुधार तथा दिइएका निर्देशनको पालना पनि हो । आगामी दिनमा यस्ता निरीक्षणबाट औल्याइएका कमी कमजोरी तथा दिइएका निर्देशनहरुको पालनामा सक्रियता देखाइ सर्वसाधारणलाई न्याय प्रदान गर्ने यहाँको जिम्मेवारी प्रति सदा निष्ठावान रही काम कारवाहीका क्रममा हुन आएका कार्यविधिगत कमी कमजोरी र त्रुटीहरुलाई सुधार गर्दै जानुहुनेछ भन्ने अपेक्षा लिएको छु । न्यायिक समितिमा परेका निवेदनहरु मिलापत्रको माध्यामबाट समाधान भएकोले मुद्दाको कार्वाहीको स्थिती सकारात्मक तथा सन्तोषजनक रहेको पाइयो, यसलाई थप मजबुत र सुदृढ पार्नुहोला । निरीक्षणको क्रममा सहयोग र समन्वयको लागी यस गाउँपालिकाका अध्यक्ष श्री प्रेम श्रेष्ठ, उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक श्री लाल बहादुर थापा, प्रमुख प्रशासकीय अधिकृत श्री लेख बहादुर बस्नेत तथा न्यायिक समितिमा रही काम गर्ने श्री निरन्जन लामिछाने लगायत निरीक्षणको क्रममा सहयोग पुर्‍याउने अन्य कर्मचारीहरुलाई हार्दिक धन्यवाद प्रदान गर्दछु।

साथै यस निरीक्षणको कार्यमा संलग्न भई सहयोग पुर्‍याउनु हुने पाल्पा जिल्ला अदालतका स्रेस्तेदार श्री शिव बहादुर थापा, इजलाश अधिकृत श्री अमिता अर्याल र नायव सुब्बा श्री गम्भिर बराललाई समेत धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

दलबहादुर के.सी.
जिल्ला न्यायाधीश

मिति:-२०८०/१०/२६/६

जिल्ला न्यायाधीश